सुरक्षित भविष्यका लागि सञ्चय कोष

# सञ्चय कोष

e-Newsletter

वर्ष २ । अंक ७ । २०७१ माघ, फाल्गुन, चैत्र

## भुकम्प पिडितलाई राहत सहयोग



भुकम्पपीडितको सहयोगार्थ प्रधानमन्त्री तथा मन्त्रीपरिषदका सचिव श्री नारायणगोपाल मलेगो लाई रू. २ करोड ५६ लाख ८६ हजार ६ सय रूपैयाको चेक हस्तान्तरण गर्नुहुदै कोषका प्रशासक कृष्णप्रसाद आचार्य ।

कर्मचारी सञ्चय कोषले यही बैशाख १२ गते शनिबार गएको विनासकारी महाभुकम्पले सिर्जना गरेको राष्ट्रिय शोकको घडिमा सहयोग पुऱ्याउने उद्देश्यले कोषमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको तर्फबाट भुकम्प पीडितहरुलाई राहत स्वरुप सुरु तलब स्केलको १५ दिनको तलब बराबरको रु. ५६ लाख ८६ हजार ६ सय रुपैया रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्ने निर्णय गरेको छ ।

२०७२ वैशाख १६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार महाभुकम्पमापरी मृत्यु भएकाहरुको आत्माको चिरशान्ति र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै देशका विभिन्न भागमा भएको धनजनको क्षतिप्रति कोष परिवारद्वारा गहिरो दुःख व्यक्त गरिएको छ ।

सञ्चालक समितिको सोही बैठकले कोष व्यवस्थापनद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ करोड रुपैयाँ प्रदान गर्ने निर्णय समेत गरेको छ । सो भुकम्पमा परी ८ हजार व्यक्तिको मृत्यु हुनुका साथै झण्डै १७ हजार व्यक्ति घाईते भएका थिए भने अर्बौं रुपैयाँ बराबरको सम्पती क्षतिग्रस्त भएको अनुमान गरिएको छ । मृतक र घाईतेको संख्या बढ्दो अवस्थामा रहेको जनाईएको छ ।

### वरिष्ठ कार्यकारी मञ्च

## मञ्चको सुझाव महत्वपूर्ण

कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा स्थापित हुने कोषको दिर्घकालिन लक्ष्य प्राप्त गर्ने शन्दर्भमा वरिष्ठ कार्यकारी मञ्चको छलफलबाट प्राप्त सुझाव रणनीतिक योजना निर्माण गर्न महत्वपूर्ण हुने बताउनु भएको छ ।

कर्मचारी सञ्चय कोषको ५ वर्षे रणनीतिक योजना निर्माण निमित्त गठित वरिष्ठ कार्यकारी मञ्चको योजना तयार गर्ने शन्दर्भमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रशासक आचार्यले सो कुरा बताउनु भएको हो ।



मञ्चको छलफल कार्यक्रममा सहभागी हुंदै कोषका प्रशासक कृष्णप्रसाद आचार्य र मुख्य अधिकृत हसना शर्मा ।

... बांकी समाचार पृष्ठ ४ मा »

## भित्री पृष्ठमा »

पृष्ठ २ कोष समाचार :
- उत्प्रेरणा स्तर मूल्यांकन
- नयां मुख्य अधिकृतको नियुक्ति
- बागमति सफाइमा कोषको सहभागिता
- लेखापरिक्षण कार्यविधि २०७१ स्विकृत

पृष्ठ ३ दायरा विस्तारमा कोष :
- निजी विद्यालयहरुलाई समेटने कोषको प्रयास

पृष्ठ ५ सेवा परिचय :
- सञ्चयकर्ता घर सापटीबारे जानकारी

## तामाकोशीको सेयर बाँडफाँड चाँडै

UTKHPL

माथिल्लो तामाकोशी आयोजनाको सेयरबाँडफाँड चाँडै हुने हुने भएको छ । यसका लागि नागरिक लगानी कोषले नेपाल धितोपत्र बोर्डसँग अनुमति मागेको छ ।

ऋण लगानी गर्ने सस्थाहरुका कर्मचारी, सञ्चय कोषका सञ्चयकर्ता, नेपाल विद्युत प्राधिकरणका कर्मचारी र आयोजनाका कर्मचारीका लागि खुल्ला गरिएको प्राथमिक सेयर बाडफाँड गर्न कोषले अनुमति मागेको हो ।

... बिस्तृत पृष्ठ ३ मा »

## मुख्य अधिकृतको जिम्मेवारीमा हेरफेर



हसना शर्मा



राजेन्द्र काफ्ले

कोष व्यवस्थापनको परिपत्र नम्बर ९६५ अनुसार २०७१ चैत्र २६ देखी लागु हुने गरी मुख्य अधिकृत हसना शर्मालाई मुख्य अधिकृत संस्थागत व्यवस्थापनबाट मुख्य अधिकृत कार्य सञ्चालन तोकिएको छ ।

यसैबीच कोषको कायम मुकायम मुख्य अधिकृतमा राजेन्द काफ्ले नियुक्त हुनुभएको छ । का.मु.मु.अ. काफ्लेलाई संस्थागत व्यवस्थापनको जिम्मेवारी तोकिएको छ ।

## उत्प्रेरणा स्तर मूल्यांकन

कोष व्यवस्थापनले कोषमा कार्यरत कर्मचारीहरुको कार्य उत्प्रेरणा स्तर मूल्यांकन गर्ने उद्देश्यले सर्वेक्षण कार्य सुरु गरेको छ । यसका लागि विभिन्न प्रश्नावली सहितको मूल्यांकन फारम कर्मचारीहरुलाई उपलब्ध गराइएको छ । कोषको मानव संशाधन व्यवस्थापन सम्बन्धि नीति तर्जुमाका लागि समेत उपयुक्त ठानिएको यो सुझाव सर्वेक्षण कार्य चालु आर्थिक वर्षको स्विकृत वार्षिक कार्यक्रम तथा बजेटमा उल्लेख भए अनुसार हुन लागेको हो ।

## लेखापरिक्षण कार्यविधि २०७१ स्विकृत

कर्मचारी सञ्चय कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउन कोषले आन्तरिक लेखा परिक्षण कार्यविधि २०७१ स्वीकृत गरी लागु गरेको छ ।

मौजुदा आन्तरिक लेखा परिक्षण निर्देशिका, २०६६ मा परिमार्जन एवं सुधार गर्ने शन्दर्भमा कोष सञ्चालक समितिको बैठक नं. १४४०, मिति २०७१ फागुन २० को बैठकले सो कार्यविधि स्वीकृत गरेको हो ।

## बागमती सफाइमा सहभागिता

बागमती सफाइ अभियानको सयौं हप्ता पुगेको अवसरमा बाग्मती सफाई सम्बन्धि बिशेष कार्यक्रम सम्पन्न भएको छ । उक्त सरसफाई कार्यक्रममा कर्मचारी सञ्चय कोषको कर्मचारीहरु बागमती किनारमा उल्लेख्य रुपमा सहभागि भएका थिए । २०७१ चैत्र २८ गते आयोजित सफाइ अभियानमा कोषको पुल्चोकस्थित प्रधान कार्यालय र ठमेल स्थित कोष व्यवस्थापन विभागका कर्मचारीहरु सहभागि भई विशेष ऐक्यबद्धता जनाएका हुन् ।



**“ सुरक्षित भविष्यको साथी कर्मचारी सञ्चय कोष ”**

### परिचयपत्र

**सञ्चयकर्तालाई कोषद्वारा प्रदान गरिने परिचयपत्र, सञ्चयकर्ता र कोष बीचको एकमात्र वैधानिक आधार भएकोले मासिकरुपमा फाँटवारी पठाउदा परिचय पत्र नम्वरं अनिवार्यरुपमा उल्लेख गर्नु जरुरी छ । साथै कुनै पनि सेवा लिन कोषमा आउनु हुदा अनिवार्यरुपमा परिचयपत्र लिई आउनु हुन समेत कोष अनुरोध गर्दछ ।**

# निजी विद्यालयहरुलाई समेटिन कोषको आह्वान




कर्मचारी सञ्चय कोष योजना अनुगमन तथा मूल्यांकन विभागका विभागिय प्रमुख लक्ष्मी प्रसाद श्रेष्ठले कोषले आफ्नो दायरा विस्तार गरी निजी क्षेत्रका विद्यालयहरुलाई समेत समेट्ने उद्देश्य राखेको बताउनु भएको छ ।

कर्मचारी सञ्चयकोषका विविध क्रियाकलाप तथा सेवा सुविधाको सम्बन्धमा निजी क्षेत्रबाट सञ्चालित माध्यामिक तथा उच्च माध्यमिक विद्यालयका सञ्चालक तथा प्रिन्सिपलहरुलाई जानकारी दिने उद्देश्यले कोषले गत २०७१ फागुन १४ गते चितवनको भरपुरमा एक अन्तरक्रिया कार्यक्रममा श्रेष्ठले सो कुरा बताउनु भएको हो । उहाँले कोषमा रकम जम्मा गर्दा सञ्चयकर्ताहरुले विविध किसिमका सेवा तथा सुविधाहरु प्राप्त गर्ने भएको ले सबै निजी विद्यालयहरुलाई कोषको दायरामा आउनको लागि आह्वान गर्नुभयो ।

चितवन जिल्लाका प्रमुख जिल्ला शिक्षा अधिकारी दामोदर आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय हेटौडाका प्रमुख ओमकृष्ण श्रेष्ठले कोषका क्रियाकलापहरुको बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै जिल्ला शिक्षा अधिकारी दामोदर आचार्यले निजी विद्यालयहरु पनि भौतिक तथा आर्थिक रुपबाट सम्पन्न हुन थालेकोले शिक्षक, कर्मचारी, कामदारको सामाजिक सूरक्षाको लागि सञ्चय कोषको ब्यवस्था गर्न आग्रह गर्नुभयो । निजी विद्यालय संगठन प्याब्सनको केन्द्रीय अध्यक्ष लक्ष्य वहादुर केसीले कर्मचारी सञ्चयकोषले स्थानिय स्तरमा गरेको कार्यक्रमको प्रशंसा तथा स्वागत गर्दै यस किसिमका कार्यक्रम केन्द्रीय स्तरमा समेत आयोजना गर्न अनुरोध गर्नुभयो । कार्यक्रममा प्याब्सन चितवनका जिल्ला अध्यक्ष वेल बहादुर गुरुङले निजी विद्यालयहरुको आम्दानीको स्थायित्व नभएको कारणले गर्दा चाहेर पनि कोषको दायरामा समेटिन नसकेको चर्चा गर्दै आगामी दिनमा चितवन जिल्लाका निजी विद्यालयहरुलाई कोषको दायरामा समेट्न पहल गर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागि विद्यालयका सञ्चालक तथा प्रिन्सिपलहरुले कोषको सम्बन्धमा विभिन्न जिज्ञासाहरु राख्नुभएको थियो ।



## ...तामाकोशीको सेयर



माथिल्लो तामाकोशी आयोजनाको सेयर बाँडफाँट चाँडै हुने हुने भएको छ । यसका लागि नागरिक लगानी को षले नेपाल धितोपत्र बोर्डसँग अनुमति मागेको छ ।

ऋण लगानी गर्ने सस्थाहरुका कर्मचारी, कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता,
नेपाल विद्युत प्राधिकरणका कर्मचारी र आयोजनाका कर्मचारीका लागि खुल्ला गरिएको प्राथमिक सेयर बाडफाँड गर्न कोषले अनुमति मागेको हो ।

तामाकोशीको सेयरका लागि ऋण लगानीकर्ता सस्थाका कर्मचारी, प्राधिकरणका कर्मचारी र सञ्चय कोषका बचतकर्ताले १८ अर्ब ३० करोड ९७ लाख रुपैयाँ बराबरको आवेदन दिएका छन् ।

प्राथमिक चरणमा दुई अर्ब ५५ करोड रुपैयाँको दुई करोड ५५ लाख कित्ता सेयर निष्काशन गरिएको थियो । दुई लाख भन्दा कम आवेदक भएको कारण सेयर आवेदन बन्द भएको ४० दिन भित्र बाँडफाँट गरिसक्नु पर्छ । यो प्रावधान अनुसार कोषले बैशाख २५ गतेभित्र सेयर बाडफाँड गर्नुपर्छ ।

सेयर विक्री प्रबन्धक पनि रहेको कोषले समानुपातिक आधारमा सेयर बाँड्फाँड हुने जनाएको छ ।

**कोषका सम्पर्क फोन नम्वरहरू**

| शाखा कार्यालय | फोन नं. |
|---|---|
| शाखा कार्यालय, धनकुटा | ०२६-५२००४९ |
| शाखा कार्यालय, विराटनगर | ०२१-४७२७८४ |
| शाखा कार्यालय, सुर्खेत | ०८३-५२३०६६ |
| शाखा कार्यालय, पोखरा | ०६१-५२६८११/५५०४५० |
| शाखा कार्यालय, बुटवल | ०७१-५५१५१८/१९/२१ |
| शाखा कार्यालय, धनगढी | ०९१-५२०६९२ |
| शाखा कार्यालय, हेटौंडा | ०५७-५२४३७७ |
| शाखा कार्यालय, कोहलपुर | ०८१-५४१२८२ |
| सञ्चयकर्ता सेवा केन्द्र, सिंहदरबार, काठमाडौं | ४२००४६६/४२००४६७ |

# ... वरिष्ठ कार्यकारी मञ्च



कर्मचारी सञ्चय कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्यले अन्तर्राष्ट्रिय स्तरको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा स्थापित हुने कोषको दिर्घकालिन लक्ष्य प्राप्त गर्ने शन्दर्भमा वरिष्ठ कार्यकारी मञ्चको छलफलबाट आएका सुझाव रणनीतिक योजना निर्माण गर्न महत्वपूर्ण हुने बताउनु भएको छ ।

कर्मचारी सञ्चय कोषको ५ वर्षे रणनीतिक योजना निर्माण निमित्त गठित वरिष्ठ कार्यकारी मञ्चको योजना तयार गर्ने सन्दर्भमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रशासक आचार्यले सो कुरा बताउनु भएको हो ।

आचार्यले कोषको विद्यमान सबल र कमजोर पक्षका साथै भविष्यमा लिइनुपर्ने कदमका बारेमा हुने वैचारिक छलफलबाट आम सञ्चयकर्ता, व्यवस्थापन र समग्र आर्थिक क्षेत्रनै लाभान्वित हुन सक्नुपर्ने आफ्नो अपेक्षा रहेकोले यसतर्फ छलफललाई केन्द्रित गर्न सुझाव पनि दिनु भयो ।

मुख्य अधिकृत हसना शर्माले मुलुकको पुँजी बजारमा कोषको शिर्ष स्थान रहेको चर्चा गर्दै वित्तीय प्रभावकारिता अभिवृद्धि गर्न आगामी दिनमा कोष रणनीतिक योजनासहित अगाडि बढनुको विकल्प नरहेको बताउनु भयो ।

शर्माले यथार्थमा रहेर गरिने छलफलबाट प्राप्त सुझाव नै कोषको दिर्घकालीन हित र लक्ष्य प्राप्तिका लागि सहयोगी हुने भएकोले सहभागीहरुलाई असम्भव विषयमाथिको छलफलबाट जोगिन आग्रह गर्नु भयो ।

२०७१ चैत्र २० र २१ गते काठमाडौंमा सम्पन्न सो छलफल कार्यक्रममा वरिष्ठ कार्यकारी मञ्च अन्तर्गतका विभिन्न ५ समूहले कोषको आगामी ५ वर्षे रणनीतिक योजना तयारीका लागि बेग्लाबेग्लै प्रस्तुति गरेका थिए । छलफलमा संगठन व्यवस्थापन तथा नवप्रर्वतन समूहबाट संयोजक श्री राजेन्द्र काफ्ले, सामाजिक सुरक्षा तथा व्यवस्थापन समूहबाट संयोजक श्री केदारनाथ गौतम, वित्तीय स्रोत व्यवस्थापन समूहबाट सदस्य श्री जितेन्द्र धिताल र सूचना तथा सञ्चार समूहबाट संयोजक श्री हरि भुर्तेलले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासक बीच २०६९ भाद्र २९ गते भएको कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम कोषको ५ वर्षे रणनीतिक योजना तर्जुमा गर्न वरिष्ठ कार्यकारी मञ्चको गठन भई विभिन्न कार्य समूहको विभाजन गरिएको थियो ।

यसअघि, कोषको ५ वर्षे रणनीतिक योजना सम्बन्धमा योजना अनुगमन तथा मूल्याँकन विभागका कामु नायब मुख्य अधिकृत श्री लक्ष्मीप्रसाद श्रेष्ठले कार्यक्रमबारे जानकारी गराउनु भएको थियो ।

श्रेष्ठका अनुसार कोषका बरिष्ठतम अधिकृतहरुको सहभागिता रहँदै आएको यस मञ्चबाट प्राप्त हुने उपलब्धीले कोषमा उपलब्ध साधन स्रोतको अधिकतम व्यवस्थापन गर्न सहज हुनुका साथै कार्य सम्पादन सम्झौताको कार्यान्वयनमा सहजता ल्याउने विश्वास व्यक्त गर्नु भयो ।

छलफल कार्यक्रममा ई-लाइब्रेरी अध्ययन समूहबाट तयार गरिएको अध्ययन प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो ।

सो अवसरमा अध्ययन समूहका सदश्य बरिष्ठ प्रबन्धक रोचन श्रेष्ठले कोषको व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्ने क्रममा ई-पुस्तकालयको अवधारणा एक महत्वपूर्ण कदम हुन सक्ने बताउनु भयो ।

छलफल कार्यक्रमलाई कोषमा कार्यरत तीन वटै कर्मचारी युनियन नेपाल वित्तीय संस्था कर्मचारी संघ, सञ्चय कोष कर्मचारी संघ र नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्षहरु क्रमशः धर्म खनाल, कृष्णप्रसाद दाहाल र शंकरप्रसाद अर्यालले सम्बोधन गर्नु भएको थियो ।

## कोषको एस.एम.एस. (SMS) सेवा सम्बन्धि जानकारी

- हाललाई नेपाल टेलिकमको GSM मोवाईल प्रयोगकर्ता सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण वुझन यो सेवा प्रयोग गर्न सक्नेछ ।
- यो सेवा लिन चाहने सञ्चयकर्ताले कोषवाट निर्धारित आवेदन फाराम (कोषको website वाट डाउनलोड गर्न सकिने ) भरेर Username ,र pincode कोषवाट लिनु पर्नेछ ।
- कोषवाट Username, password र pincode लिएका सञ्चयकर्ताले आफनो मोवाईलको Message Box मा गएर कोषले आफलाई उपलव्ध गराएको pincode टाइप गरेपछि space दिएर BAL टाईप गरी ५७५० मा SMS पठाउनु पर्दछ ।
- सञ्चयकर्ताले पठाएको SMS को जवाफमा कोषले सञ्चयकर्ताको कोष रकम, विशेष सापटी, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण SMS मार्फत मोवाईलमा पठाउनेछ ।
- कोषका सवै शाखावाट यो सेवा प्राप्त हुने व्यवस्था छ । यो सेवा उपयोग गरे वापत सेवा प्रदायक नेपाल टेलिकमले लिने दस्तुर मात्र लाग्नेछ ।

# संचयकर्ता घर सापटी २०५७

## परिचय

संचयकर्ताहरुको आवास व्यवस्था गर्नमा सहयोग पुगोस् भन्ने उद्देश्यले कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता घर सापटी २०५७ लागु गर्दै आएको छ। यस कार्यक्रमलाई अझ व्यवस्थित गर्न सञ्चयकर्ता सापटी कार्यविधि २०७० लागु भइ सञ्चयकर्ता कर्जा तथा असूली विभाग, ठमेल, शाखा कार्यालयहरु बिराटनगर, हेटौंडा, पोखरा, बुटवल र धनगढीबाट कोषले तोकेको क्षेत्रमा घरजग्गा धितो लिई घर सापटी प्रवाह भैरहेको छ। हाल सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमतीको नाममा जग्गा खरीद गरेका सञ्चयकर्ता कर्मचारीहरुलाई नयां घर निर्माण गर्न, घर खरीद वा अपार्टमेन्ट खरीद गर्न र भईरहेको घरमा तल्ला थप गर्ने प्रयोजनका लागि यो सापटी प्रदान गरिन्छ।

## सापटी प्राप्त गर्न सक्ने सञ्चयकर्ता

- कम्तीमा २ बर्षसम्म नियमित कोष कट्टी भएको।
- उमेर वा पदावधिको आधारमा ३ वर्ष सेवा अवधि बांकी भएको।
- सरल चक्रकर्जा नलिएका वा सो कर्जा चुक्ता गरी सकेका र शैक्षिक सापटी लिएको भए किस्ता नियमित भएका सञ्चयकर्ताहरु।

## सापटीको सीमा

- मूल्यांकनले खामेसम्म सञ्चयकर्ताको सुरु तलव स्केलले अधिकतम १० वर्ष बराबरको तलब।
- पति/पत्नि दुवै जना सञ्चयकर्ता भएमा एउटै धितोबाट दुई जनाको नाममा सापटी हिसाव गर्दा सुरु तलबमानको आधारमा अधिकतम सीमासम्म दुवै जनालाई अलग अलग कर्जा प्रवाह हुने।

## सापटीको अवधि

- घर निर्माण गर्न ग्रेस अवधि डेढ बर्षसहित बांकी सेवा अवधिको आधारमा अधिकतम २० वर्ष।
- उमेर वा पदावधिको आधारमा तीन वर्ष सेवा अवधि बांकी भएका सञ्चयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन।

## सापटीको सावाँ र ब्याज भुक्तानी प्रक्रिया

- ऋणीले ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तभित्र भुक्तानी गर्नुपर्ने छ।
- ग्रेस अवधि पश्चात निर्धारित अवधि भित्र ब्याज भुक्तानी नगरेमा तोकिएको दरमा वार्षिक १ प्रतिशत थप ब्याज लाग्ने छ।
- एक आर्थिक वर्षको भाका नाघेको ब्याजमा अर्को आर्थिक वर्ष प्रारम्भ भएपछि नियमित ब्याजका साथै थप ब्याज समेत लाग्नेछ
- ग्रेस अवधि भित्र सावांको २५ प्रतिशत र लागेको ब्याज बुझाउन सकिने।
- ग्रेस अवधि भित्र २५% भन्दा बढी सावां बुझाएमा वा सम्पूर्ण ऋण चुक्ता गरेमा २५% भन्दा बढी सावां बुझाएको रकमको १% थप अतिरिक्त शुल्क लाग्ने छ।
- घर सापटीको चुक्ता गर्नुपर्ने अवधि अगावै सेवावाट अलग भएमा ऋण अवधि एक वर्ष भन्दा कम छ भने सोही अवधि र एक वर्ष भन्दा बढी ऋण अवधि बांकी रहेमा एक बर्ष अवधि कायम गरी ऋणको सावां ब्याज चुक्ता गर्नुपर्ने छ।
- ग्रेस अवधिमा ब्याज चुक्ता नभएमा ब्याज पूंजीकृत हुनेछ।

## सापटीको सुरक्षण

- सञ्चयकर्ताले कोषले तोकेको क्षेत्रमा कोषलाई मान्य हुने अचल सम्पत्ति कर्जाको सुरक्षणका लागि उपलब्ध गराउनु पर्नेछ।
- सुरक्षण दिंदा निवेदकले आफ्नो वा श्रीमान्/श्रीमतीको संयुक्त नाममा रहेको घरजग्गा वा अपार्टमेण्ट कोषको नाममा दृष्टिबन्धक पारित गरी दिनुपर्ने छ।
- सञ्चयकर्ताले लिएको घर सापटी र सोमा लाग्ने ब्याज पूर्ण रुपमा चुक्ता भएपछि कोषमा धितो पास गरेको घरजग्गा फुकुवा हुने छ।
- कोषले तोकेको महानगरपालिका, उपमहानगरपालिका तथा नगर पालिका भित्र तथा सो संग जोडिएको गा.वि.स.हरुमा कम्तिमा दुई आना ढुई पैसा वा पांच धुर र अन्य गा.वि.स.को हकमा चार आना वा साढे सात धुर भन्दा कम जग्गामा सापटी प्रदान गरिने छैन। तर अपार्टमेण्ट खरिदमा यो ब्यवस्था लागु हुने छैन।
- कोषमा धितो रहने सम्बन्धित घरजग्गा सम्म पुग्ने बाटोको हकमा काठमाण्डौ उपत्यका चक्रपथ भित्र न्यूनतम ४ फिट र अन्य स्थानमा न्यूनतम ८ फिटको बाटो हुनुपर्ने।
- धितो राखिने घर जग्गाको संरचनागत रुपमा स्पष्ट सिमांकन गरिएको हुनुपर्ने छ।
- घर सापटीको प्रथम किस्ता प्रदान गर्दा डि.पि.सी.लेभलको कार्य सम्पन्न भएपछि मात्र प्रदान गरिने छ।

## धितोको मूल्यांकन

- कोषले निर्धारण गरेको दररेट बमोजिम घर/अपार्टमेन्टको मूल्यांकन हुने।
- घर/अपार्टमेण्ट खरिद बिक्री गर्ने सरकारी/निजी कम्पनीले निर्धारण गरेको लागत खर्च भन्दा बढी ऋण रकम प्रदान गरिने छैन।
- जग्गाको हकमा सरकारी मूल्यको ४०% र बजार मूल्यको ६०% का दरले मूल्यांकन हुने छ।
- धितो मूल्यांकन गर्दा हाइटेन्सन नजिक नदी, नाला, खोला, भीर पाखा आदिमा नभएको तथा

क्रमश :

डिप्रेस्ड ल्याण्डलाई मूल्यांकनमा समावेश गरिने छैन ।

- जग्गाको बट्टा मूल्य (Distress value) र घरको मूल्यको योगमा कम्तिमा ३० प्रतिशत मार्जिन राखी घरजग्गाको बास्तविक मूल्यांकन कायम गरिने छ ।
- घर निर्माण गर्ने प्रयोजनका लागि सापटी प्रदान गर्दा कम्तिमा २ किस्ता र अधिकतम ४ किस्ता कायम गरिने छ । प्रथम किस्ताको रकम कुल स्वीकृत सापटीको बढीमा ५० प्रतिशत हुने छ ।
- स्वीकृत सीमाक्तमा नबढने गरी दोश्रो वा सो भन्दा पछिको कर्जा प्रवाह हुने किस्ता कायम गर्दा मूल्यांकनकर्ताले सिफारिस गरेको प्रगति विवरणको आधारमा हुने छ ।

## बीमा:

- ऋणीले सम्पूर्ण जोखिम ब्यहोर्ने गरी घर वा अपार्टमेण्टको कोषले तोकेको बीमा कम्पनीबाट कोषको नाममा बीमालेख खरिद गर्नु–पर्नेछ ।
- ऋणीले बीमा पोलिसी वार्षिक रुपमा नवीकरण गरी कोषमा पेश गर्नुपर्ने छ ।

## मूल्यांकन शुल्क, सेवा शुल्क र अन्य खर्च

- घर सापटी लिने सञ्चयकर्ता कर्मचारीहरुले सेवा शुल्क बापत रु ५००/– कोषमा बुझाउनु पर्ने छ ।
- धितोको लागि राखिने घर जग्गाको पहिलो पटकको मूल्यांकनका लागि तीन हजार रुपैयां (मु.अ.कर वाहेक) र त्यसपछिको प्रत्येक पटकको मूल्यांकनका लागि थप एक हजार रुपैयां (मु.अ.कर वाहेक) मूल्यांकनकर्तालाई सञ्चयकर्ताले बुझाउनुपर्ने छ ।
- कोषको कार्यालय रहेको जिल्ला र उपत्यका बाहेक अन्य जिल्लामा गई मूल्यांकन गर्दा थप एक हजार रुपैयां लाग्ने छ ।
- सञ्चयकर्ताको धितो रहने जग्गा वा घरजग्गा वा अपार्टमेण्टको मूल्यांकन गर्ने प्रयोजनका लागि अन्य जिल्ला जानुपर्ने भएमा मूल्यांकनकर्ताको यातायात खर्च सम्बन्धित सञ्चयकर्ताले ब्यहोर्नु पर्नेछ ।

## दृष्टिबन्धकी पारित गर्नुपर्ने

- दृष्टिबन्धकी रजिष्ट्रेशन पारित गरी रोक्का राख्न मालपोत कार्यालयमा जानका लागि निवेदक, धितो दिने व्यक्ति, अचल सम्पत्तिको धनीपुर्जा, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद, नागरिकताको प्रमाणपत्र, कोषले प्रदान गरेको परिचय पत्र लगायतका कागजातहरु सक्कलै लिई कोषमा उपस्थित हुनुपर्ने छ ।

## घर सापटी फिर्ता भुक्तानी तथा असुली प्रक्रिया

- ऋणीले ऋणको फिर्ता भुक्तानी गर्न कोषको ठमेलस्थित हिमालयन बैंकमा रहेको कोषको खाता नं ०१९०००२२९८०१०८ र कोषको पुल्चोकस्थित कम्पाउण्डमा रहेको Nepal Investment Bank मा रहेको कोषको खाता नं ००४०१०१०२५४३७३ मा सोही बैंक वा उल्लेखित बैंकहरुको जुनसुकै शाखा कार्यालयहरुमा रकम बुझाई भौचरको प्रतिलिपी कोषमा पठाउन सकिने छ ।

– सञ्चयकर्ता वा निजको प्रतिनिधिले सापटी बुझाउने बैंक भौचर ठमेलस्थित असुली विभाग वा घर सापटी लागु भएका जिल्लास्थित कोषको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

– विशेष सापटी बापत प्राप्त हुने रकम घर सापटीमा रकमान्तर गर्न सकिने छ ।

## ऋणको लागि पेश गर्नु पर्ने कागजातहरु

क) निवेदकको नागरिकता र क.सं.कोषको परिचयपत्रको प्रतिलिपी ।

ख) धितो राखिने जग्गाको लालपुर्जा र चालु आ.व. को मालपोत तिरेको रसिदको प्रतिलिपी/नयां नापी भएको भए श्रेस्ता अद्यावधिक भएको हुनुपर्ने ।

ग) निर्माण गरिने घरको सम्बन्धित निकायबाट नक्सा पास भएको पत्र र नक्साको प्रतिलिपी र म्याद सकिएको भए नवीकरण गरिएको पत्र ।

घ) जग्गाको फिल्ड नक्सा (BLUE PRINT) र चारैतर्फको कित्ता उल्लेख भएको प्रमाणित सक्कल ट्रेस पेपर ।

ङ) जग्गा प्राप्तीको स्वामीत्वको (राजिनामा, बकस, अंशबण्डा इत्यादि) प्रतिलिपी ।

च) कार्यरत कार्यालयबाट ग्रेड बाहेक सुरु तलब तथा अवकाश पाउने मिति खुलेको सक्कल पत्र ।

छ) जग्गाधनी र निवेदकबीचको नाता प्रमाणित पत्रको प्रतिलिपि ।

ज) जग्गाधनीको नागरिकताको प्रतिलिपि ।

झ)चार किल्ला खुलेको सक्कलै पत्र (न.पा. भित्र भए वडा कार्यालयको/गा.वि.स.भित्र भए गा.वि.स.को बाटोको चौडाई समेत खुलेको पत्र) ।

ञ) घर वा अपार्टमेण्ट खरिद गर्दा खरिदकर्ता र बिक्रेताबीचको सम्झौता र कबुलियतनामाको प्रतिलिपि ।

## विविध

– ऋण लिन चाहने सञ्चयकर्ताले कोषले तोकेको ढांचाको ऋण दरखास्त फाराम आफ्नो कार्यालयबाट सिफारिस गरी पेश गर्नुपर्ने ।

– मालपोत कार्यालयमा दृष्टिबन्धक धितो पास गर्दा वा रोक्का राख्दा कुनै शुल्क लाग्ने भएमा निवेदक स्वयंले त्यस्तो शुल्क ब्यहोर्नु पर्ने छ ।

– घर सापटी स्वीकृति भएको मितिले ६ महिना भित्र लिनुपर्ने छ ।

– घर सापटीको हकमा पहिलो किस्ता लिएको दुई वर्ष भित्रमा अन्य किस्ताहरु लिई सक्नुपर्ने छ ।

– घर सापटी लिएका सञ्चयकर्ताको कोष कट्टी रोक्का रहने छ र बिशेष सापटी लिनुपर्दा पाकेको ब्याज चुक्ता गर्नु पर्ने छ ।

– सरल चक्र कर्जा लिएका सञ्चयकर्तालाई घर सापटी प्रदान गरिने छैन । तर शैक्षिक सापटी लिएका सञ्चयकर्ताले सो सापटीको किस्ता नियमित गरेमा घर सापटी प्रदान गरिने छ । ■

थप जानकारीको लागि :

सञ्चयकर्ता कर्जा तथा असूली विभाग, त्रि-देवी मार्ग, ठमेल

सम्पर्क फोन नं: ४२५०१५६, फयाक्स नं: ०१-४२४९५५१

email: hloan@epfnepal.com.np

noticeboard service number:1618014225386

**www.epfnepal.com.np**

## कोषमा लागू हुने २०७२ सालको सार्वजनिक बिदाको सूची :

क) प्रत्येक शनिवार पुरा दिन बिदा ।

ख) प्रत्येक शुक्रवार आधा दिन बिदा ।

ग) देहायबमोजिमका अन्य सार्वजनिक बिदाहरु : पूरा दिन बिदा ।

| क्र.सं. | मिति | सार्वजनिक बिदा |
|---|---|---|
| १ | २०७२ बैशाख १ | नव वर्ष । |
| २ | २०७२ बैशाख ११ | लोकतन्त्र दिवस । |
| ३ | २०७२ बैशाख १८ | मजदुर दिवस । |
| ४ | २०७२ बैशाख २१ | बुद्ध जयन्ती र उभौली पर्व, चण्डी पुर्णिमा । |
| ५ | २०७२ जेठ १५ | गणतन्त्र दिवस । |
| ६ | २०७२ भदौ १२ | जनै पुर्णिमा, रक्षाबन्धन (ऋषि तर्पणी) |
| ७ | २०७२ भदौ १३ | गाईजात्रा (उपत्यका विदा) । |
| ८ | २०७२ भदौ १९ | शनिबार कृष्णाष्टमी र गौरा पर्व । |
| ९ | २०७२ भदौ ३० | तीज (महिला कर्मचारीहरुलाई विदा) । |
| १० | २०७२ असोज १ | ऋषिपञ्चमी (महिला विदा) । |
| ११ | २०७२ असोज १० | इन्द्रजात्रा (काठमाण्डौ उपत्यका विदा) । |
| १२ | २०७२ असोज १८ | जितिया पर्व (जितिया पर्व मनाइने तराईका जिल्लामा विदा) |
| १३ | २०७२ असोज २६ | घटस्थापना । |
| १४ | २०७२ कार्तिक ३–७ | दशै विदा (फुलपाती देखि द्वादशीसम्म) |
| १५ | २०७२ कात्तिक ९ | कोजाग्रत पुर्णिमा |
| १६ | २०७२ कात्तिक २५ | लक्ष्मीपुजा । |
| १७ | २०७२ कात्तिक २६ | म्हपुजा र गोबर्द्धन पुजा । |
| १८ | २०७२ कात्तिक २७ | भाइटीका । |
| १९ | २०७२ मंसिर १ | छठ पर्व । |
| २० | २०७२ मंसिर ९ | गुरुनानक जयन्ती (शिख धर्मावलम्बीलाई विदा) । |
| २१ | २०७२ मंसिर १७ | अन्तर्राष्ट्रिय अपांग दिवस (अपांग कर्मचारीलाई विदा) । |
| २२ | २०७२ पुस १० | उद्यौली पर्व, योमरी पुन्ही र क्रिसमस दिवस । |
| २३ | २०७२ पुस १५ | तमुल्होसार । |
| २४ | २०७२ माघ १ | माघी पर्व । |
| २५ | २०७२ माघ १६ | शहीद दिवस । |
| २६ | २०७२ माघ २३ | सोनम ल्होसार । |
| २७ | २०७२ फागुन ७ | राष्ट्रिय प्रजातन्त्र दिवस । |
| २८ | २०७२ फागुन २४ | महाशिवरात्री । |
| २९ | २०७२ फागुन २५ | अन्तर्राष्ट्रिय नारी दिवस (महिला विदा) । |
| ३० | २०७२ फागुन २६ | ग्याल्पो ल्होसार र सुर्य ग्रहण । |
| ३१ | २०७२ चैत ९ | फागु पुर्णिमा (काठमाण्डौ उपत्यका, धनकुटा, पोखरा, हेटौंडा र सुर्खेत कार्यालयलाई) |
| ३२ | २०७२ चैत १० | फागु पुर्णिमा (बिराटनगर, बुटवल, कोहलपुर र धनगढी कार्यालयलाई) । |
| ३३ | २०७२ चैत २५ | घोडेजात्रा (काठमाण्डौ उपत्यका विदा) |

| नोट : | |
|---|---|
| ३४ | मत्स्येन्द्रनाथको भोटो देखाउने दिन (काठमाण्डौ उपत्यकालाई मात्र) |
| ३५ | सिरुवा पावनी पर्वका दिन (उक्त पर्व मनाउने झापा, मोरंग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा) |
| ३६ | ईस्लाम धर्मालम्बीहरुको पर्व ईद (इदुल्ल फित्र) र बकर ईद (इदुल्ल जोहा) का दिन बिदा |
| ३७ | धवथाम्बु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा स्थानीय बिदा |
| **घ)** | **नेपाल सरकारले नेपाल राज्यभर आकस्मिक रुपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा पनि बिदा हुनेछ ।** |
| **ङ)** | **२०७२ असार मसान्तको दिन कोषको सालतमामी हिसाब गर्नुपर्ने र २०७२ भाद्र ३१ गते कोषको वार्षिकोत्सव पर्ने भएकाले उक्त दुबै दिन कोषको बाह्य कारोबार बान्द हुने ।** |
| **च)** | **कार्यालय समय :** |

१) २०७२ बैशाख १ देखि २०७२ कार्तिक १५ सम्म तथा माघ १६ देखि चैत्र मसान्तसम्म बिहान १० :०० देखि अपराँन्ह ५:०० सम्म र

२०७२ कार्तिक १६ देखि माघ १५ सम्म बिहान १०:०० देखि अपरान्ह ४:०० बजेसम्म ।

२) प्रत्येक शुक्रवार बिहान १०:०० देखि अपरान्ह १:३० सम्म ।

खाजा समय : सञ्चयकर्तालाई प्रदान गरिने सेवामा असर नपर्ने गरी दिउँसो २:०० देखि ३:०० सम्म (कार्तिक १६ देखि माघ १५ गतेसम्म १:०० देखि २:०० सम्म)

**कर्मचारी सञ्चय कोष**

पुल्चोक, ललितपुर ।

www.epfnepal.com.np

नव वर्ष २०७२को
सुखद उपलक्ष्यमा हामी
हाम्रा समस्त सञ्चयकर्ता एवं
शुभेच्छुकहरुमा सुख, शान्ति,
सम्बृद्धि तथा प्रगतिको
लागि हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ ।

**कर्मचारी सञ्चय कोष परिवार**

### सम्पादन समूह

संयोजक
विभागिय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ

सदस्य
वरिष्ठ प्रवन्धक (अपरेसन) श्री रोचन श्रेष्ठ

सदस्य
बरिष्ठ प्रबन्धक श्री जीवनकुमार कट्वाल

सदस्य
बरिष्ठ प्रबन्धक श्री हेमन्तराज अधिकारी

सचिव
शाखा अधिकृत श्री ओजस्वी गौतम


**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०



लेआउट / डिजाइन:
राजेन्द्रविक्रम केसी